(संवत् २०८१ साल चैत मसान्तसम्म भएका संशोधन मिलाइएको)

# जग्गा प्राप्ति नियमहरु, २०२६

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२७।३।२२

**संशोधन**

| | |
|---|---|
| १. जग्गा प्राप्ति (पहिलो संशोधन) नियमावली २०३१ | २०३१।५।१७ |
| २. जग्गा प्राप्ति (दोश्रो संशोधन) नियमहरु, २०३४ | २०३४।२।३ |
| ३. जग्गा प्राप्ति (तेस्रो संशोधन) नियमहरु, २०७० | २०७०।१।३० |

जग्गा प्राप्ति ऐन, २०१८ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको "जग्गा प्राप्ति नियमहरु, २०२६" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

"ऐन" भन्नाले जग्गा प्राप्ति ऐन, २०१८ सम्झनु पर्छ।

३. **अधिकारी तोक्नेः** ◆(१) ऐनको दफा ८, ९, १०, ११, १६ र १८ को प्रयोजनको लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई अधिकारी तोकिएको छ ।

(२) ऐनको दफा ५, ६, १२, १३, १४, १५, १९, २०, २३ र २५ को प्रयोजनको लागि निम्न लिखित अध्यक्ष र सदस्य भएको समितिलाई अधिकारी तोकिएको छः-

| | |
|---|---|
| (क) सम्बन्धित प्रमुख जिल्ला अधिकारी* | -अध्यक्ष |
| (ख) सम्बन्धित मालको हाकिम वा भूमि प्रशासक | -सदस्य |
| (ग) नेपाल सरकारले तोकिदिएको व्यक्ति | - सदस्य |

◆ पहिलो संशोधनद्वारा संशोधित ।

* तेस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपनियम (२) बमोजिमको समितिले ऐनको परिधि भित्र रही आफ्नो कार्यविधि व्यवस्थित गर्न सक्नेछ ।

४. **क्षतिपूर्तिको अङ्क कायम गर्नेः** (१) ऐनको दफा १९ बमोजिम जग्गाको क्षतिपूर्तिको अङ्क कायम गर्दा सो जग्गा प्राप्त गर्दाको मितिमा साँध संधियार सरह त्यस बखतको प्रचलित स्थानीय खरीद बिक्रीको दर समेतलाई विचार गर्नु पर्छ ।

[≛]तर जुनसुकै क्षेत्रको जग्गाको क्षतिपूर्तिको अंक कायम गर्दा नेपाल सरकारले मार्ग दर्शन दिन सक्ने र यस्ता क्षेत्रहरु जतिको जग्गाको क्षतिपूर्ति कायम गर्दा सो मार्ग दर्शनको समेत विचार गरी क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) ऐनको दफा १९ को अधीनमा रही नेपाल सरकारले समय समयमा स्थायी भवन, इमारत, पर्खाल आदिको क्षतिपूर्तिको अङ्क कायम गर्ने कुरामा एकरुपता ल्याउन पथ प्रदर्शनको निमित्त अनुसूची १ अनुसारको दर प्रकाशित गरेको छ। नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकारले समय समयमा उक्त अनुसूचीमा आवश्यक फेर बदल गर्न सक्नेछ वा पूरा अनुसूची नै बदल्न सक्नेछ ।

५. **ह्रास (डिप्रिसिएशन) कट्टीः** नियम ४ बमोजिम क्षतिपूर्तिको अङ्क कायम गर्दा अनुसूची २ बमोजिम ह्रास (डिप्रिसिएशन) कट्टी गरिनेछ ।

६. **परामर्श लिनु पर्नेः** ऐतिहासिक अथवा पूरातात्विक दृष्टिकोणबाट महत्वपूर्ण देखिएको जग्गाको हकमा ऐन बमोजिम क्षतिपूर्तिको अङ्क कायम गर्नु पर्दा नेपाल सरकार, शिक्षा मन्त्रालय पुरातत्व विभागको परामर्श लिनु अनिवार्य हुनेछ ।

७. **खारेजीः** जग्गा प्राप्त (अधिकारी तोक्ने) नियमहरु, २०१८ खारेज गरेको छ ।

---

[≛] दोस्रो संशोधनद्वारा थप ।

**दृष्टव्य-** १. मिति २०२७।६।१२ को राजपत्रमा प्रकाशित सूचनाद्वारा बागमती अञ्चलको हकमा आवास तथा भौतिक परियोजना विभागको इन्जिनीयर तथा अन्य अञ्चलको हकमा सार्वजनिक निर्माण कार्यालयको इन्जिनीयरलाई नियम ३ को उपनियम (२) को खण्ड (ग) को प्रयोजन निमित्त नेपाल सरकारले सदस्य तोकेको ।

२. केही नेपाल कानून संशोधन गर्ने, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः

(संवत् २०८१ साल चैत मसान्तसम्म भएका संशोधन मिलाइएको)

अनुसूची - १

(ऐनको दफा १८ र नियम ४ सँग सम्बन्धित)

**<u>स्थायी भवन, इमारत, पर्खाल आदिको क्षतिपूर्तिको दरको तालिका</u>**

| | | |
|---|---|---|
| (क) | आर.सी.सी. फ्रेम स्ट्रक्चरको | रु. ४०।- प्रति वर्ग फिट |
| (ख) | आर.सी.सी. र आर.वी. सिमेन्ट जोडाइको | रु. ४०।- |
| (ग) | आर.सी.सी.आर.वी. बज्रको जोडाइको | रु. ३५।- |
| (घ) | आर.सी.सी.आर.वी. माटोको जोडाइको | रु. ३०।- |
| (ङ) | बज्रको जोडाइको | रु. ३०।- |
| (च) | बज्र र माटो मिसिएको जोडाइको | रु. २५।- |
| (छ) | माटोको जोडाइको | रु. २०।- |
| (ज) | काठको घर | रु. २५।- |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"

## अनुसूची -२

| घरको बनोट | प्रति वर्ष कट्टी गर्ने प्रतिशत | बढीसे बढी कट्टी गर्ने प्रतिशत | बढीसे बढी कट्टी गर्न पाउने वर्ष | कैफियत |
|---|---|---|---|---|
| (क) आर.सी.सी. फ्रेम स्ट्रक्चर | ०.५० | ४० | ८० | |
| (ख) आर.सी.सी.आर.वी. सिमेण्टको जोडाई | ०.७५ | ४५ | ६० | |
| (ग) आर.सी.सी. र आर.वी. बज्रको जोडाई | १.२५ | ५० | ४० | |
| (घ) आर.सी.सी. र आर.वी. माटोको जोडाई | १.५० | ६० | ४० | |
| (ङ) बज्रको जोडाई | १.५० | ६० | ४० | |
| (च) माटोको मात्र | १.०० | ७५ | ३७.५० | |
| (छ) काठको | २.५० | ७५ | ३० | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय